# सहरी विकास मन्त्रालय

मन्त्रालय र मातहतसमेत ६५ निकायको यो वर्ष विनियोजन रु.१० अर्ब ३ करोड ५० लाख, राजस्व रु.२४ करोड ९३ लाख, धरौटी रु.७५ करोड ७५ लाख र अन्य कारोबार रु.८५ करोड ७९ लाखसमेत रु.११ अर्ब ८९ करोड ९७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था र समितिसमेत ३३ को रु.९ अर्ब २९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन –** विशिष्ट व्यक्तिहरुको लागि सेवा सुविधा उपलब्ध गराउँदा मापदण्ड तोकी सोहीअनुरुप सामानहरु उपलब्ध गराउने व्यवस्था मिलाउन गत विगत वर्षमा औल्याएकोमा सुधार नगरी यो वर्ष चालुतर्फ रु.२ करोड ५४ लाख ४४ हजार र पुँजीगततर्फ रु.१ करोड ६२ लाख ५६ हजारसमेत रु.४ करोड १७ लाख खर्च गरेको, काठमाडौं उपत्यका विकास प्राधिकरणले यस वर्ष ४ आयोजनाबाट सापटी फिर्ता भएको रु.१ करोड ६ लाख १७ हजार ब्याज बाँकी राखी साँवामा घटाएको, सम्झौताबमोजिम वार्षिक १२ प्रतिशतका दरले लिनुपर्ने ब्याज रु.१२ लाख ७४ हजार असुल नगरेको लगायत व्यहोरा यो वर्षको लेखापरीक्षणबाट समेत देखिएका छन् । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **अधुरा भवन निर्माण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(३) मा लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले माल सामान स्थलगत रुपमा उपलब्ध हुने वा नहुने अध्ययन गरी निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नुपर्ने व्यवस्था छ । भवन डिभिजन कार्यालयहरुले भवन निर्माणको लागत अनुमान तयार गर्दा समयको किटान गरी लागत अनुमान गरेको देखिएन । भवन निर्माण कार्य सम्पन्न गर्न सामान्यतया १८ महिना लाग्ने सम्झौतामा उल्लेख गरेता पनि सो अवधिभित्र सम्पन्न भएका छैनन् ।

लेखापरीक्षण गरिएका ३४ भवन डिभिजन कार्यालयमध्ये १३ कार्यालयको भवन निर्माणसम्बन्धी स्थितिको मूल्याङ्कन गर्दा २०६५ देखि २०६९ सम्म रु.९० करोड १७ लाखको ५५ निर्माण सम्झौता भएकोमा पटक पटक म्याद भए पनि थप म्यादभित्र निर्माण सम्पन्न हुनेमा आश्वस्त हुने स्थिति देखिँदैन । जग्गा विवाद, निर्माण व्यवसायीले बिनासूचना काम छोडेको, निर्माण व्यवसायीलाई कालोसूचीमा नरखेको स्थिति देखिन्छ । उदाहरणको लागि डिभिजन कार्यालय डोटीअन्तर्गत मंगलसेन दरबार निर्माणको लागि २०६५।३।२४मा रु.२ करोड २५ लाख ७४ हजारमा कार्य सम्पन्न गर्न सम्झौता भएकोमा ४० प्रतिशत र पर्सा अन्तर्गतको हर्दिया प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण गर्न २०६७।१।२६ मा रु.२ करोड ९७ लाख ४९ हजारको सम्झौता भएकोमा २०७३ आषाढ मसान्तसम्म ९२ प्रतिशत कार्य गर्न बाँकी रहेको छ । काठमाडौं अन्तर्गतको कपन हेल्थपोष्ट भवन निर्माणको लागि २०७१।६।३० मा रु.१ करोड ४९ लाख ६३ हजारको सम्झौता भएकोमा जग्गा विवादका कारण हालसम्म निर्माण कार्य शुरु हुन सकेको छैन ।

सार्वजनिक निकायले म्याद थप गर्नुपूर्व कार्यतालिकाअनुसार कामको अनुगमन गरी वास्तविकता यकिन गर्नुपर्नेमा सोअनुसार नगरी विभागबाट पटक पटक म्याद थप भएकोले निर्माण व्यवसायीलाई उत्तरदायी बनाउन सकिएको छैन । आयोजना समयमै सम्पन्न नभएका कारण सरकारले प्रदान गर्ने सेवा उपलब्ध नहुने, आयोजनाको लागत बढ्ने, मूल्यवृद्धि भुक्तानी गर्नुपर्ने जस्ता समस्या विद्यमान छ । तोकिएको समयमा काम सम्पन्न गर्न गराउन सम्बन्धित पक्षलाई जिम्मेवार बनाउनुपर्दछ ।

३. **नगर विकास समिति –** नगर विकास ऐन, २०४५ को दफा ४(१)मा नेपाल सरकारले नगर योजना कार्यान्वयन गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकताअनुसार नगर विकास समिति गठन गर्न सक्ने प्रावधान छ । नगरको भौतिक विकास गर्ने, भइरहेको नगरको पुनः निर्माण, विस्तार र विकास गर्ने, नयाँ नगरको निर्माण गर्ने, भू-उपयोग क्षेत्र निर्धारण गर्ने, भौतिक विकासको मापदण्ड तोक्ने तथा उपर्युक्त कार्यहरुसँग सम्बद्ध अन्य कार्यहरु गर्न २०७३।१०।२८ सम्म२६२ नगर विकास समिति घोषणा भएको देखिन्छ । सोमध्ये ३८ नगर विकास समिति सक्रिय भएको जनाए तापनि नेपालगन्ज, कोहलपुर, घोराही र लमहीसमेत चार नगर विकास समितिले मात्र वित्तीय विवरणको आधारमा सक्रिय रुपमा कार्य गरेको देखिन्छ ।

नगर विकास समितिको नाममा कार्यालय भवन र दिगो आर्थिक स्रोत नभएको, विभिन्न नगर विकास समितिमा विवाद सिर्जना भएको जस्ता समस्या समाधानमा आवश्यक व्यवस्था गर्नुपर्दछ ।

४. **कार्यक्रममा दोहोरोपन –** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७२ अनुसार पुरातात्विक महत्वका स्मारक र पुरातात्विक वस्तुहरुको संग्रह, संरक्षण, संवर्द्धन, अन्वेषण तथा उत्खनन्, सांस्कृतिक सम्पदा, धरोहर र ऐतिहासिक महत्वका दरबारको संरक्षण तथा संवर्द्धनको कार्य संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गर्ने गरी काम विभाजन गरेको छ । मन्त्रिपरिषद्को २०६२।७।१० को निर्णयले शहरी विकास मन्त्रालयअन्तर्गतको विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना स्थापना गरी सो आयोजनाबाट धार्मिक तथा पर्यटकीय पूर्वाधारसम्बन्धी कार्यमायो वर्ष रु.२९ करोड ८६ लाख ३६ हजार खर्च देखियो । त्यसै गरी संस्कृति पर्यटन मन्त्रालयले पनि सोही प्रकृतिका कार्यमा ७३ जिल्ला विकास समितिमार्फत निकासा दिई रु.३८ करोड १५ लाख खर्च गरेको छ । एकै प्रकृतिको कार्य विभिन्न निकायबाट गराउँदा दोहोरो नहुने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

५. **धरौटी फिर्ता –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा सम्बन्धित आपूर्तिकर्ताले सम्झौतामा उल्लिखित कार्य सम्पन्न गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाणको आधारमा धरौटी फिर्ता दिनुपर्ने व्यवस्था छ । मन्त्रालयले १४ आपूर्तकले आपूर्ति गरेका त्रिपालको मापदण्डअनुसार गुणस्तर नभएको कारबाही चलिरहेको अबस्थामा कट्टा गरेको धरौटी रु.२ करोड ६३ लाख ७७ हजार फिर्ता दिएकोले सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

६. **सवारी साधन –** सार्वजनिक लेखा समितिले २०६९।१।८ मा निर्माण कार्यको विल अफ क्वान्टिटीमा सवारी साधन तथा मेसिनरी सामान खरिद तथा भाडा समावेश गरी ठेक्का सम्झौता गर्न नपाउने निर्णय गरेको छ । यो वर्ष १२ कार्यालयले विभिन्न निर्माण कार्यको ठेक्कामा रु.२ करोड ३५ लाख ३३ हजारको सवारीसाधन, गाडी भाडा, कम्प्युटर, ल्यापटप, मोटरसाइकल, स्कुटर आदि आपूर्ति गर्ने गरी ठेक्का सम्झौता गरेको पाइयो । उक्त निर्णयको पालना नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

## भवन निर्माण सम्भार डिभिजन कार्यालय

७. **बैङ्क जमानत –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५(३) अनुसार बोलपत्र मूल्याङ्कन समितिले १५ प्रतिशतभन्दा बढी प्रतिशत घटेको कारण ५ प्रतिशतका अतिरिक्त थप ८ प्रतिशत कार्य सम्पादन जमानत लिई ठेक्का स्वीकृत गर्न सिफारिस गरेको र सोही आधारमा बोलपत्र स्वीकृत भएको छ । सम्झौता गर्दाको अबस्थामा सार्वजनिक खरिद ऐन संशोधन भएको कारण जनाई बोलपत्र कागजातमा उल्लिखित शर्त तथा निर्णय विपरीत ४ ठेक्कामा रु.४ करोड १० लाख ७६ हजार घटी कार्य सम्पादन जमानत लिएको पाइयो । थप बैङ्क जमानत लिई कानुनको पालना नगरेकोमा सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाउनु पर्दछ ।

## काठमाडौ उपत्यका विकास प्राधिकरण केन्द्र

८. **हिसाबमा भिन्नता –** काठमाडौं उपत्यका विकास प्राधिकरण केन्द्रले जग्गा एकीकरण आयोजना सञ्चालन गर्न विगतमा भरतपुर नगर विकास समितिलाई रु.४० लाख र लाहान नगर विकास समितिलाई रु.३० लाख ऋण उपलब्ध गराएको देखिन्छ । हालयी नगर विकास समितिको नाममा क्रमशः साँवा र ब्याँजसमेत रु.१ करोड ४२ लाख ९३ हजार र रु.१ करोड ४ लाख ४१ हजार असुल गर्नुपर्ने ऋण देखाएको छ । सम्बन्धित नगर विकास समितिले सो रकम तिर्नुपर्ने दायित्वमा देखाएका छैनन् । प्राधिकरण र नगर विकास समितिको हिसावमा भिन्नता देखिएकोले यकिन गरी साँवा तथा ब्याज असुल गर्नुपर्दछ ।

९. **सञ्चितकोष दाखिला –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहन आएको रकम फिर्ता गर्नुपर्ने उल्लेख छ । केन्द्रले यो वर्ष खर्च नभई बाँकी रहेको रु.१ करोड ६५ लाख ७२ हजार फिर्ता गरेको देखिएन । त्यस्तै काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालयले रु.८० करोड क्षतिपूर्ति वितरण गर्न प्राप्त गरेको रकम यो वर्ष खर्च नगरी एक बैङ्कमा जम्मा गरेको देखियो । यो आर्थिक वर्षमा क्षतिपूर्ति वितरण गर्न प्राप्त भएको रकम अर्को वर्ष वितरण गर्न मिल्ने कानुनी व्यवस्था नभएकोले नियमको पालना नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

## काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय, काठमाडौं

१०. **टुक्रे लागत अनुमान** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिर्स्धालाई सीमित हुने गरी खरिद वा निर्माण गर्नु नहुने व्यवस्था छ । यस वर्ष २४७ स्थानमा पर्ति जग्गा संरक्षण तथा सडक विस्तार कार्य गर्न लागत अनुमानकै हाराहारीमा अधिकतम रु.५ लाखका दरले रु. १० करोड ७६ लाख ७९ हजारको कार्य दरभाउपत्रबाट गराई प्रतिस्पर्धालाई सीमित गरेको पाइयो । प्रतिस्पर्धा सीमित गर्न साना–साना प्याकेज बनाई कार्य गराउनेलाई जिम्मेवार बनाउनुपर्दछ ।

११. **उपभोक्ता योगदान –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१)मा रु. ६० लाखसम्म लागत अनुमान भएको काममा जनसहभागिताको अंश समावेश हुनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिसँग भएको सम्झौतामा धोबिखोलातर्फ रु.५ करोड ४५ लाख १० हजार र जिल्ला आयुक्तको कार्यालय काठमाडौंतर्फ रु.३ करोड ८८ लाख ८७ हजार उपभोक्ता समितिको योगदान देखाएको छ । लागत अनुमान तयार गर्दा र सम्झौतामा जनश्रमदानबापत बाटो निर्माण गर्दा जग्गा प्रदान गरेको भनी अधिकांश उपभोक्ताको योगदान रु.५ लाख ५७ हजारदेखि रु.११ लाख ५० हजारसम्म रहेको सम्झौतापत्रमा उल्लेख छ । उपभोक्ताको रैकर जग्गा बाटोले ओगटेको मूल्याङ्कन र विवरण समेत संलग्न गरेको देखिदैन । लेखापरीक्षणको क्रममा केही सडक निरीक्षण गर्दा धेरै जसो काम खोला किनार, पर्ती जग्गामा भइरहेको र बाटोको केही भाग मात्र फराकिलो पारेको देखिएको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.६० लाखको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंशसमेत समाबेस हुनुपर्ने उल्लेख छ । यसवर्ष धोबिखोलातर्फ ५१ उपभोक्ताले गरेको रु.२३ करोड २० लाख ६२ हजार र काठमाडौं उपत्यका प्राधिकरणतर्फ ४१ उपभोक्ताले गरेको रु.१७ करोड ४५ लाख ८६ हजारको काममध्ये क्रमशः ४७ र ३७ उपभोक्ता समितिले गरेको कामको लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धि कर र ओभरहेडबाहेक रु.६० लाखभन्दा बढीको लागत अनुमान तयार गरी सोझै उपभोक्ता समितिबाट गराएकोले कानुनको पालना भएको देखिएन ।

## अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति

१२. **सम्झौता अवधि –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौताको अवधि थप खरिद सम्झौतामा उल्लेख भएबमोजिम हुने व्यवस्था छ । यस आयोजनाअन्तर्गत तिलगङ्गादेखि शंखमूलसम्मको ३ ठेक्कामा निर्माण कार्यको अवधि शुरुमा १५ महिना भएकोमा पटक पटक ७ वर्ष म्याद थप गर्दा समेत सम्पन्न भएको देखिएन । म्याद थप माग गर्दा बन्द हड्ताल, जग्गा विवाद आदि कारण उल्लेख गरेको भए तापनि कार्यालयले कारण मनासिब हो होइन सो विषयमा छानबिन नगरी पटक पटक म्याद थप गरेको छ । समयमा काम सम्पन्न नहुँदा तिलगङ्गादेखि सिनामंगलसम्मको एक ठेक्कामा मूल्य समायोजनबापत रु.६८ लाख भुक्तानी भएको देखियो । निर्माण कार्यको ठेक्का व्यवस्था गर्दा निर्माणस्थल खाली गराई मात्र ठेक्का व्यवस्था गर्नु पर्नेमासो नगरेको कारण पटक पटक म्याद थप भै मूल्यवृद्धि भुक्तानी भएको छ ।

१३. **प्रोभिजनल सम –** सम्झौतामा प्रोभिजनल समको रुपमा छुट्याएको रकम खर्च गर्दा खर्चको बिल भरपाई तथा प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ । यो वर्ष २ आयोजनामा डिसमेन्टलिङ्ग कार्यको रु.३ लाख ५५ हजार, सडक सर्वेक्षण कार्यको रु.१ लाख २७ हजार र सार्वजनिक सम्पत्ति संरक्षणबापतको रु.११ लाख ५६ हजार र १ आयोजनामा आवश्यक सामान र उपकरणको डिजाइन र मेसिनरी निर्माणका लागि रु.९३ लाख ९२ हजार समेत रु.१ करोड १० लाख ३० हजार आबश्यक बिल भरपाई एवं कामको परिमाण खुल्ने प्रमाणबेगर खर्च लेखेको छ । प्रोभिजनल आईटममा मूल्य समायोजन नगर्ने व्यवस्था रहेकोमा सो आइटममा समेत रु.१२ लाख ४६ हजार मूल्यवृद्धि भुक्तानी भएको देखियो । उक्त रकम असुल हुनुपर्दछ ।

## संगठित संस्था

### राष्ट्रिय आवास कम्पनी (२०७१।७२

१४. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** – यो वर्ष कम्पनीको शेयर पुँजी रु.५२ करोड, जगेडा कोष रु.२ अर्ब ५४ करोड २२ लाख, स्थिर सम्पत्ति रु.२१ करोड ४७ लाख, लगानी रु.१ करोड ७ लाख र खुद चालू सम्पत्ति रु.२ अर्ब ३६ करोड ८० लाख रहेको छ । गत वर्षसम्मको सञ्चित नाफा रु.४ करोड ७४ लाख रहेकोमा यो वर्ष नाफा रु.५ करोड १३ लाख भई यस वर्षसम्मको सञ्चित नाफा रु.९ करोड ८७ लाख पुगेको छ ।

१५. **आन्तरिक नियन्त्रण व्यवस्था -** मन्त्रिपरिषद्को २०५०।९।२२ को निर्णयअनुसार नेपाल सरकार र यस कम्पनी बीच भएको सम्झौता अनुरुप जग्गा वितरण गर्दा मालपोत कार्यालयमा रजिष्ट्रेशन प्रयोजनको लागि कायम न्यूनतम मूल्यको बीस प्रतिशत रकम अतिरिक्त शुल्क लिई जग्गाधनी प्रमाणपुर्जा दिँदा उपलब्ध हुने शुल्कको ५० प्रतिशतले हुने रु.१ करोड २४ लाख ४८ हजार राजस्व दाखिला गर्नुपर्नेमा गरेको छैन ।

- **बेरुजू स्थिति–**यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ६५ निकायमा रु.१ अर्ब २५ करोड २५ लाख ४८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड १४ लाख ३० हजार फछ्र्यौट गरेकोले रु.१ अर्ब २४ करोड ११ लाख १८ हजार बेरुजू बाँकी रहेको छ। सोमध्ये रु.७६ करोड ६० लाख ५८ हजार पेश्की बाँकी रहेको छ।
  - अन्य संस्था, समितितर्फ रु.१ अर्ब ६ करोड ३१ लाख ५१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. १ करोड १३ लाख ६६ हजार फछ्र्यौट गरेकोले रु.१ अर्ब ५ करोड १७ लाख ८५  हजार बेरुजू बाँकी रहेको छ। सोमध्ये रु.१४ करोड ४५ लाख ६८ हजार पेश्की रहेको छ।